**Gurkhas Finance Ltd.**
**गोर्खाज फाइनान्स लि.**
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रिय कार्यालय:**
चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np
Website: www.gurkhasfinance.com.np

# धितोमा रहेको सम्पति (घर-जग्गा) लिलाम बिक्री सम्वन्धी १५ (पन्ध्र) दिने गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

(प्रकाशित मिति: २०८१।०३।२० नागरिक राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको शाखा कार्यालय पडसरी, रूपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको कर्जा रकम संस्थासंग कर्जा लिदा गर्नु भएको शर्त कबुलियत बमोजीम भुक्तानी नगरी शर्तहरू उल्लंघन गर्नु भएकोले बक्यौता रकम भुक्तानीकालागि संस्थाबाट पटक-पटक मौखिक, लिखित तर-ताकेतागर्नुका साथै कर्जा चुक्ता/भुक्तानी गर्न आउन भनि ३५ दिने सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरूले सोको पूर्ण बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले पुनः यो सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै दस्तुर समेत चुक्ता/भुक्तान गर्न/गराउँनको लागि सम्बन्धित ऋणी, जमानतकर्ताहरू समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ताहरू लगायत सम्बद्ध सबैलाई ने.रा. बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई जारी एकीकृत निर्देशन, बमोजीम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा जानकारी गराउँदै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ र अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणीले कर्जा लिंदा सुरक्षण वापत यस संस्थालाई धितो बन्धक लेखि/लेखाई दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो छ सोही अवस्थामा लिलाम विक्री गरिने भएको हुँदा खरिद गरि लिन चाहने व्यक्ति संघ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न सर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन आव्हान गरिन्छ। प्राप्त शिलबन्दी फारमहरू सोह्रौं दिन (सो दिन बिदा भएमा सो को भोली पल्ट) खोलिने भएको हुँदा सो सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावहरूको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुँन सम्बन्धित ऋणी, सूरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति वित्तीय संस्था आफैले सकार गरी लिन वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजीम वित्तीय संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ। उक्त सम्पत्तिबाट वित्तीय संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजीम बाँकी लेना रकम असुल उपर गर्नका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा अन्य आवश्यक कानूनी कारवाही समेत अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## तपसिल

| क्र.सं | ऋणीको विवरण | धन/जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | **शाखा कार्यालयः पडसरी, रूपन्देही (कर्जा शिर्षकः व्यक्तिगत)**<br>**नामः राजन बहादुर खत्री क्षेत्री**<br>बाबुः पदम बहादुर खत्री क्षेत्री<br>बाजेः गंगाराम खत्री क्षेत्री<br>ठेगानाः रूपन्देही जिल्ला करहीया गा.वि.स वडा नं. ७<br>हाल, रूपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ७<br>(ना.प्र.नं. ४६८१ जारी मितिः २०३४।०२।२८ जि.प्र.का.रूपन्देही) | **(१) नामः क्षितिज राज्य लक्ष्मी राणा (खत्री)**<br>बाबुः ललीत प्रताप ज.व.रा<br>पतिः राजन बहादुर खत्री क्षेत्री<br>ससुराः पदम बहादुर खत्री क्षेत्री<br>ठेगानाः रूपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १०<br>हाल, रूपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ७<br>(ना.प्र.नं. ५४४३४ जारी मितिः २०४८।०७।२८ जि.प्र.का.रूपन्देही ) |
| | **धितोको विवरण** | |
| | (१) **राजन बहादुर खत्री क्षेत्री**को नाममा भूमिसुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय बुटवल, रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला करहीया गा.वि.स. वडा नं. ६, नक्सा सीट नं. ६ख स्थित कित्ता नं. ९० को जग्गा क्षेत्रफल ७६१.८१ (वर्ग मीटर) जग्गा (घर-जग्गा) लिगलापात समेत। | |
| २. | **ऋणीको विवरण** | |
| | **शाखा कार्यालय : पडसरी, रूपन्देही (कर्जा शिर्षक : व्यापार)**<br>नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर रूपन्देहीमा मिति २०७६।०५।१८ मा दर्ता भई दर्ता नं. १९००६/०७६/०७७ र स्थायी लेखा नं. ६११७६९८८८ कायम भएको देवदह नगरपालिका वडा नं. ६, मिलनचोक रूपन्देही स्थित **सुपा देउराली आल्मुनियम एण्ड स्टील उद्योग** | |
| | **धन/जमानीकर्ताको विवरण** | |
| | **(१) नामः चिन्तामणी सुवेदी**<br>बाबुः कृष्ण प्रसाद सुवेदी<br>बाजेः ससिधर सुवेदी<br>ठेगानाः रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६, मिलनचोक<br>(ना.प्र.नं. ३७२००३।६०१०१ जारी मितिः २०६७।०३।१३ जि.प्र.का.रूपन्देही) | **(२) नामः कृष्ण प्रसाद सुवेदी**<br>बाबुः ससिधर सुवेदी<br>बाजेः कृष्णलाल सुवेदी<br>ठेगानाः रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६, मिलनचोक<br>(ना.प्र.नं. १६१८३ जारी मितिः २०४५।०८।२४ जि.प्र.का. रूपन्देही) |
| | **(३) नाम : हेम कुमारी डुम्रे**<br>बाबुः देउपती डुम्रे<br>पतिः कृष्ण प्रसाद सुवेदी<br>ठेगानाः रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६, मिलनचोक<br>(ना.प्र.नं. ४९७१ जारी मितिः २०४५।०१।१२ जि.प्र.का.पर्वत) | **(४) नामः अस्मिता रिजाल**<br>बाबुः थानेश्वर रिजाल<br>पतिः चिन्तामणी सुवेदी<br>ठेगानाः रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६, मिलनचोक<br>(ना.प्र.नं. ३७३०१४/२२१ जारी मितिः २०७०/०२/२८ जि.प्र.का. रूपन्देही) |
| | **धितोको विवरण** | |
| | (१) **कृष्ण प्रसाद सुवेदी**को नाममा भूमिसुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता श्रेस्ता कायम रहेको, नवलपरासी जिल्ला माकर गा.वि.स. वडा ६ नक्सा सीट नं. ६/घ स्थित कि.नं. २०५ को जग्गा क्षेत्रफल ०-१०-४ (बिघा-कठ्ठा-धुर-कन्वा) (३४५३.५५ व.मी) जग्गा (घर-जग्गा) लिगलगापात समेत। | |
| ३ | **शाखा कार्यालयः पडसरी, रूपन्देही (शिर्षक : व्यापार कर्जा)**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय भैरहवा, रूपन्देहीमा मिति २०७०।०४।१३ मा दर्ता भई, प्रा.फ.र.नं. ३०९२८/०७०/०७१ र स्थायी लेखा नं. ६०१२९१९८८ कायम भएको रूपन्देही जिल्ला देवदह गा.वि.स वडा नं. ३ परिवर्तित देवदह नगरपालिका वडा नं. १२ स्थित **दिपसूर्य सप्लायर्स** | |
| | **धन/जमानीकर्ताको विवरण** | |
| | **(१) नामः कृष्ण प्रसाद सुवेदी**<br>बाबुः शसिधर सुवेदी<br>बाजेः कृष्णलाल सुवेदी<br>ठेगानाः रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६<br>(ना.प्र.नं. १६१८३ जारी मितिः २०४५।०८।२४ जि.प्र.का. रूपन्देही ) | **(२) नामः हेम कुमारी डुम्रे**<br>बाबुः देउ पति डुम्रे<br>पतिः कृष्ण प्रसाद सुवेदी<br>ठेगानाः पर्वत जिल्ला हुवास गा.वि.स. वडा नं. ४<br>हाल, रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६<br>(ना.प्र.नं. ४९७१ जारी मितिः २०४५।०१।१२ जि.प्र.का. पर्वत) |
| | **(३) नामः चिन्तामणी सुवेदी**<br>बाबुः कृष्ण प्रसाद सुवेदी<br>बाजेः शसिधर सुवेदी<br>ठेगानाः रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. २<br>हाल, रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६<br>(ना.प्र.नं. ३७२००३/६०१०१ जारी मितिः २०६७।०३।१३ जि.प्र.का. रूपन्देही) | **(४) नामः सुरज सुवेदी**<br>बाबुः कृष्ण प्रसाद सुवेदी<br>बाजेः शसिधर सुवेदी<br>ठेगानाः रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. २<br>हाल, रूपन्देही जिल्ला देवदह न.पा. वडा नं. ६<br>(ना.प्र.नं.३७२००३/६६७८० जारी मितिः २०६८।०१।२१ जि.प्र.का. रूपन्देही) |
| | **धितोको विवरण** | |
| | (१) **कृष्ण प्रसाद सुवेदी**को नाममा भूमिसुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता श्रेस्ता कायम रहेको, नवलपरासी जिल्ला माकर गा.वि.स. वडा ६ नक्सा सीट नं. ६/घ स्थित कि.नं. २०५ को जग्गा क्षेत्रफल ०-१०-४ (बिघा-कठ्ठा-धुर-कन्वा) (३४५३.५५ व.मी.) जग्गा (घर-जग्गा) लिगलगापात समेत। | |
| ४. | **शाखा कार्यालयः पडसरी, रूपन्देही (कर्जा शिर्षक : कृषि)**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रूपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजीम मिति २०७६/०४/१७ मा दर्ता भई, दर्ता नं. ४४६८२/०७६/७७ र स्थायी लेखा नं. ६१११३७८४ कायम भएको रूपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १ स्थित **माँ दुर्गे पोल्ट्री सप्लायर्स** | |
| | **धन/जमानीकर्ताको विवरण** | |
| | **(१) नामः राम शरण हरिजन चमार**<br>बाबुः विपत चमार<br>बाजेः अधिन चमार<br>ठेगानाः रूपन्देही जिल्ला चिल्हीया गा.वि.स. वडा नं. ८<br>परिवर्तित रूपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १<br>(ना.प्र.नं. २३४१४ जारी मितिः २०६०।०५।०५ जि.प्र.का. रूपन्देही) | **(२) नामः मडरी चमार**<br>बाबु : गोवरी चमार<br>पतिः विपत चमार<br>ससुराः अधिन चमार<br>ठेगाना : रूपन्देही जिल्ला चिल्हीया गा.वि.स. वडा नं. ८<br>परिवर्तित रूपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १<br>(ना.प्र.नं. १८०१ जारी मितिः २०५६।०१।१० जि.प्र.का. रूपन्देही) |
| | **(३) नामः रेखा हरिजन**<br>बाबु : ओरीराम चमार<br>पतिः राम शरण हरिजन चमार<br>ससुराः विपत चमार<br>ठेगाना : रूपन्देही जिल्ला चिल्हीया गा.वि.स. वडा नं. ८<br>परिवर्तित रूपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १<br>(ना.प्र.नं.३७-०१-७१-१०५८४ जारी मितिः २०७१।११।२० जि.प्र.का. रूपन्देही) | **धितोको विवरण**<br>(१) **मडरी चमार**को नाममा भूमिसुधार तथा व्यवस्थापन विभाग, मालपोत कार्यालय भैरहवा, रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला चिल्हीया गा.वि.स. वडा नं. ८ नक्सा सीट नं. १६७ स्थित कि.नं. १ को क्षेत्रफल ४७३.९० (वर्ग मीटर) जग्गा (घर-जग्गा) लिगलगापात समेत। |

## बोलपत्र सम्बन्धी शर्तहरू

१. शिलबन्दी बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालय पडसरी, रूपन्देहीबाट रू. १,०००/- (पछि फिर्ता नहुने गरि) दाखिला गरी प्राप्त गर्न सकिने छ, साथै बोलपत्र फाराम यस सूचनाको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०८१।०४।०३ गते दिउँसो १:०० भित्र उल्लेखित शाखा कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।
२. बोलपत्र फाराममा खरिद गर्न ईच्छा गरेको सम्पत्ति (घर-जग्गा) को विवरण खुलाई बोलपत्र फारम भर्नु पर्नेछ र उक्त खरिद गरी लिन चाहेको सम्पत्ति (घर-जग्गा) के कति रकममा खरिद गर्न चाहेको हो सोको व्यहोरा अंक तथा अक्षरमा स्पष्ट रूपमा बोलपत्र फारममा लेखिएको हुनु पर्नेछ। अंकमा लेखिएको र अक्षरमा लेखिएको रकममा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ।
३. बोलपत्र साथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम धरौटी वापत BID Account Payable (DAD) खाता नं. २१०००००१०८ मा वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयमा जम्मा गरेको सक्कल बैंक भौचर यसै बोलपत्र साथ पेश गर्नु पर्ने छ।
४. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। साथै धरौटी राखिएको रकममा ब्याज प्रदान गरिने छैन।
५. बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नं. र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण-पत्र, स्थायी लेखा नं. र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।
६. बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई बोलपत्र पेश गर्ने अन्तिम दिन मानिने छ र त्यसको भोलीपल्ट बोलपत्र खोलिने कार्य हुनेछ।
७. धितो (घर-जग्गा) निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै गोर्खाज फाइनान्स लिमिटेडको सम्बन्धित, शाखा कार्यालयमा, कार्यालय समय भित्र सम्पर्क राखि निरीक्षण गर्न/हेर्न सकिनेछ।
८. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति (घर-जग्गा) बोलपत्रदाताको नाममा नामसारी गर्दा नियमानुसार लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानीय कर, धारा/बिजुली शुल्क, अन्य कर तथा शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण खर्च खरिदकर्ताले नै व्यहोर्नु पर्नेछ।
९. कुनै शर्त पेश भएको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतःरद्ध हुनेछ।
१०. बोलपत्र स्वीकृत भई सोको जानकारी दिएको १५ (पन्ध्र) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति (घर-जग्गा) नामसारी गरि लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम जम्मा नभएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ।
११. प्राप्त कुनै पनि बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने कारण जनाई वा नजनाई रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ र सो कारवाही सम्बन्धी कुनै कुरा प्रकाशनमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन।
१२. सम्बन्धित ऋणीले बोलपत्र खोल्नु अगावै सम्पूर्ण कर्जा रकम चुक्ता गरेमा चुक्ता भएको कर्जाको हकमा लिलाम प्रकृया स्वतः रद्ध हुनेछ।
१३. लिलाम प्रकृयाबाट सो जेथा कसैले सकार नगरेमा प्रचलित कानूनको अधिनमा रहि यस वित्तीय संस्थाले आफ्नो नाममा सकार गरी लिन सक्नेछ।
१४. लिलामी मुचुल्कामा नाम समावेश भएको व्यक्ति वा कम्पनी बाहेक अन्यको नाममा धितो सम्पत्ति (घर-जग्गा) दाखिल खारेज/नामसारी गरिने छैन।
१५. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजीम हुने छन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अंग मानिनेछन्।

**गोप्य शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१।०४।०३ गते दिनको १:०० बजे भित्र।**

**शिलबन्दी बोलपत्र खोलिने मितिः २०८१।०३।०४ गते शुक्रबार**

**समय : दिनको १:०० बजे**

**बोलपत्र खोलिने स्थान : (शाखा कार्यालय पडसरी, रूपन्देही)**

**(सम्पर्क फोन नं.: ०७१-४२९३४६ र ०७१-४२९३४७ शाखा कार्यालय पडसरी, रूपन्देही)**